# जिल्ला समन्वय समितिको कार्यालय

**बेसीशहर,लमजुङ**

**गण्डकी प्रदेश,नेपाल**

अतिजरुरी

**पत्र संख्या :** २०७९/०८०

**चलानी नं. :** ११९

मिति : २०७९/१०/१२

श्री बेसीशहर/सुन्दरबजार/मध्यनेपाल /राइनास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
श्री मर्स्याङदी/क्व्होलासोथार/दोर्दी/दुधपोखरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
लमजुङ ।

**विषय : " भू.पू. सैनिक सम्मेलन तथा स्वास्थ्य शिविर-२०७९" सम्बन्धमा ।**

नेपाली सेनाको "भू.पू. सैनिक सम्मेलन तथा स्वास्थ्य शिविर-२०७९" मिति २०७९/१२/१० गते तनहुँ जिल्लामा रहेको श्री नं.३ बाहिनी अड्डा,खैरेनीटार व्यारेकमा संचालन हुने भएकोले भू.पू. सैनिक सम्मेलनमा सहभागी हुनको लागि लमजुङ जिल्लामा रहेका बैंकहरूबाट पेन्सन खाईरहेका भू.पू. सैनिक तथा एकल महिलाहरूको दर्ता प्रकृया मिति २०७९/१०/१२ गतेबाट २०७९/१२/०३ गतेसम्म यस गण (श्री चण्डी प्रसाद गण) हे.क्वा.उदीपुर ब्यारेक लमजुङमा संचालन हुने हुँदा आफ्नो जिम्मेवारी क्षेत्रमा रहेका भू.पू.सैनिक तथा एकल महिलालाई जानकारी गराइदिनको लागि लमजुङ जिल्लामा रहेका सम्पूर्ण नगरपालिका तथा गाउँपालिकाहरूलाई पत्राचार गरिदिन श्री चण्डी प्रसाद गण,उदिपुर व्यारेक,लमजुङको प.सं.११११११/कार्य/६/०७९/८०/२९,मिति २०७९/१०/११ को पत्रबाट अनुरोध भै आएको हुँदा आफ्नो जिम्मेवारी क्षेत्रमा रहेका भू.पू.सैनिक तथा एकल महिलाहरूलाई जानकारी गराइदिने व्यवस्थाका लागि अनुरोध छ ।

साथै,दर्ताको प्रकृयाको लागि भू.पू.सैनिक तथा एकल महिलाहरूले निम्नानुसारको कागजात साथमा लिई आउनु पर्ने व्यहोरा समेत जानकारी गराइदिनु हुन अनुरोध छ ।

(क) पेन्सन पट्टा र सोको प्रतिलिपि (प्रष्ट बुझिने) प्रति-१(एक)
(ख)पासपोर्ट साईजको फोटो प्रति-२(दुई)

(तुलसी प्रसाद घिमिरे)
जिल्ला समन्वय अधिकारी

**बोधार्थ :**

श्री चण्डी प्रसाद गण
उदिपुर ब्यारेक,लमजुङ ।